नगर सभामा प्रस्तुत मिति : २०७६/०३/१०

# बिनियोजन ऐन २०७६

पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम

आर्थिक वर्ष २०७६/०७७

# विनियोजन ऐन, २०७६

## पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७६/०३/१८

__प्रस्तावना__ : पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१.__संक्षिप्त नाम र प्रारम्भः__ (१) यस ऐनको नाम "पञ्चदेवल विनायक नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.__आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:__ (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा, कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, बित्तिय व्यवस्था, आन्तरिक आम्दानी, नेपाल सरकार तथा प्रदेश सरकार राजस्व बाँडफाँड, सशर्त अनुदान र अ.ल्या. रकम समेत गरी जम्मा रकम रु.४३,९७,८०,००० (अक्षेरुपी रु. त्रिचालिस लाख सन्तानब्बे हजार असी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. __विनियोजन:__ (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त पञ्चदेवल विनायक नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय

व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिका/नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. | पूँजिगत खर्च रु. | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नेपाल सरकार सशर्त अनुदान बिषयगत शाखा | १९,१९,००,००० | – | – | १९,१९,००,००० |
| ३ | | नेपाल सरकार राजस्व बाँडफाँड | ८,८२,००,००० | – | – | ८,८२,००,००० |
| ४ | | नेपाल सरकार वित्तिय समानिकरण | – | ९,७७,००,००० | – | ९,७७,००,००० |
| ५ | | प्रदेश सरकार वित्तिय समानिकरण | – | ७१,००,००० | – | ७१,००,००० |
| ६ | | प्रदेश सरकार राजस्व बाँडफाँड | १६,७२,००० | – | – | १६,७२,००० |
| ७ | | अनुमानित चालु आ.व.सम्मको जिम्मेवारी रकम | ८४,८२,००० | ५०,००,००० | – | १,३४,८२,००० |
| ८ | | चालु आ.व.०७६/०७७ को अनुमानित आन्तरिक आम्दानी | ४७,२६,००० | – | – | ४७,२६,००० |
| ९ | | अनुमानित समपुरक अनुदान संघिय सरकार | – | १,५०,००,००० | – | १,५०,००,००० |
| १० | | अनुमानित विशेष अनुदान संघिय सरकार | – | १,००,००,००० | – | १,००,००,००० |
| ११ | | अनुमानित समपुरक अनुदान प्रदेश सरकार | – | ५०,००,००० | – | ५०,००,००० |
| १२ | | अनुमानित विशेष अनुदान प्रदेश सरकार | – | ५०,००,००० | – | ५०,००,००० |
| **जम्मा** | | | २९,०२,५४,००० | १४,९५,२६,००० | | ४३,९७,८०,००० |